# धुनिवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
खानीखोला धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०८१/८२
चलानी नम्बर : २८४८

मिति : २०८२/०२/१६

## अत्यन्त जरुरी सूचना !!

यस धुनिवेशी नगरपालिका वडा नं ०५ को कुमाइखोला र फुरौले नजिकका स्थानहरुमा छाडा कुकुरले केही कृषकहरुको घर गोठमा पुगि ४ गाई तथा २ घरपालुवा कुकुरहरुलाई मिति २०८२/०१/२८ गते आक्रमण गरि टोकि हिडेको र सोहि दिन त्यस कुकुरको मृत्यु भएको जानकारी प्राप्त भएको थियो। तत्पश्चात नगरपालिकाको पशुपन्छी विकास शाखाले उक्त पशुहरुमा Post- Exposure Vaccination गरि पशुहरुलाई निगरानीमा राखेको थियो। मिति २०८२/०२/१३ गते सो घरपालुवा कुकुरले रेबिजसंग मिल्दोजुल्दो लक्षण देखाई मरेको भन्ने जानकारी पशुधनिबाट प्राप्त भए पश्चात पशुपन्छी बिकास शाखाबाट उक्त मृत कुकुरको Brain Tissue Sample परिक्षणको लागि केन्द्रिय पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा पठाईएको थियो । उक्त पठाईएको नमुना परिक्षण गर्दा रेबिज पोजिटिभ भएको रिपोर्ट पाइएको छ।

रेबिज एक खतरनाक प्राणघातक सरुवा रोग रहेको हुनाले यहाँहरु सम्पुर्ण कृषकवर्ग तथा जनसमुदायमा आक्रमण तथा सम्भावित रेबिज रोग जोखिम न्युनिकरणको लागि आवश्यक सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछौं।

**रेबिज रोग सर्ने माध्यमः**

- संक्रमित कुकुर/बिरालो/स्यालले टोकेको वा घाउ चोटपटकमा संक्रमित र्याल परेमा।

**कुकुरमा देखिने मुख्य लक्षणः**

- जथाभावी टोक्दै हिड्ने, अत्याधिक र्याल चुहाउने,
- फिँज काड्ने , काठ/लठ्ठि तथा आफ्नै नङ्ग टोक्ने,
- उत्तेजित रहने, तर्सने र घोक्रे स्वरले भुक्ने,
- पक्षघात हुने जिब्रो बाहिर निस्किरहने,
- लक्षण देखापरेको हप्ता कुकुर मर्ने,

**गाई/भैसींमा देखिने मुख्य लक्षणः**

- तर्सने र कराईरहने,
- मांसपेशी चाल अनियन्त्रित तथा अनियमित हुने,
- निर्जिव वस्तु वा भित्तामा सिंगले हानिरहने,
- दुध त्यत्तिकै पग्री रहने,

प्रमुख प्रशासकीय अधिकृत

रेबिज रोकथामको उपायः

- मानिसलाई टोकेको अवस्थामा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने।
- कुकुर बिरालोमा रेबिज रोग विरुद्दको खोप नियमित लगाउने।
- पशुमा लगाईने एन्टी रेबिज खोपको भण्डारण तथा ढुवानीमा कोल्ड चेन कायम गर्ने।
- पशु चौपायालाई जंगली जनावरको टोकाईबाट जोगाउन सुरक्षित गोठमा राख्ने।
- कुकुर/विरालो/स्याल आदिले पशुलाई टोकेमा तुरुन्त रेबिज विरुद्दको खोप लगाउने।

थप जानकारी तथा आवश्यक परामर्शका लागि पशुपन्छी विकास शाखा तथा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नहुन अनुरोध छ।

सम्पर्क नः ९८४०१८१४५८, ९८४१४६८८२९, ९८६०७०६१७८

बोधार्थः

जिल्ला प्रशासन कार्यालय, धादिङ्
सेवा कार्यालय, धादिङ्
जनस्वास्थ्य कार्यलय, धादिङ्
ईलाका प्रहरी कार्यालय, खानिखोला

सरिता घर्तीमगर
पशु सेवा प्राविधिक

कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत